# देवघाट गाउँपालिका

## तनहुँ जिल्ला, प्रदेश नं. ४


# देवघाट गाउँपालिका राजपत्र

## गाउँ कार्यपालिकाद्वारा प्रकाशित

**खण्डः १** **संख्याः १३** **मितिः २०७४/१२/२६**


## भाग – २

## देवघाट गाउँपालिका

# पूर्ण सरसफाई रणनैतिक योजना, २०७४

# पूर्ण सरसफाइ रणनैतिक योजना, २०७४

खुल्ला दिसामुक्त घोषणाको प्रतिफललाई दिगो र निरन्तर रुपमा अगाडि बढाई आधारभूत सरसफाइ तथा स्वच्छताको अवस्थामा सुधार गर्नु पर्दछ । घोषणाको समयसम्म आउँदा गर्न इच्छा भएपनि गर्न बाँकी रहेको, सुधार गर्नुपर्ने महशुस भएका पक्षहरु, थप गर्नुपर्ने तथा स्तरीकरण गर्नुपर्ने कुरा थाति रहेका हुन्छन् । खुल्ला दिसामुक्त घोषणालाई दिगो, घोषणा पछिको सुविधामा पहूँच तथा पूर्ण सरसफाइ अभियानलाई समयमै सफल बनाउने चाहना गाउँपालिकाको रहेको छ । गाउँपालिकाको सरसफाइ तथा स्वच्छताको अवस्था पहिचान, योजना तयार, स्रोत साधनको परिचालन, प्रभावकारी कार्यान्वयन गरी छिटो भन्दा छिटो सफलता हासिल गर्नका लागि गाउँपालिका स्तरीय पूर्ण सरसफाइ रणनीतिक योजनाको आवश्यकता महशुस गरी यो रणनीतिक योजना तयार गरिएको छ ।

**१. सोच**

देवघाट गाउँपालिकामा बसोबास गर्ने सम्पूर्ण बासिन्दाहरुको स्वास्थ्यमा सुधार गरी समुदायको क्षमता विकास, आर्थिक समुन्नति र वातावरण मैत्री सामाज निर्माण गर्नु रहेको छ ।

**२. लक्ष्य**

क) पूर्ण सरसफाइको लागि आवश्यक पर्ने विवरणहरु वडागत रुपमा वि.सं. २०७४ साल सम्ममा पुरा गरिने छ ।

ख)२०७५ साल चैत्र सम्ममा गाउँपालिकाको सम्पूर्ण वडाहरु र गाउँपालिकालाई नै पूर्ण सरसफाइ तथा आनीवानी परिवर्तन भएको घोषणा गरिने छ ।

ग) देवघाट गाउँपालिकालाई वि.स २०७५ साल चैत्रसम्ममा पूर्ण सरसफाइ घोषणा गरी वि.स २०७६ पश्चात पूर्ण सरसफाइ पश्चातको क्रियाकलापहरुको थालनी गरिने छ ।

**३. उद्देश्य**

यस रणनीति तयार भएपछि निम्न उद्देश्यहरु पुरा हुनेछन्:

क) खुल्ला दिसामुक्तलाई दिगो रुपमा अगाडि बढाउन सहयोग पुग्ने छ ।

ख) व्यक्तिगत, घरायसी, सस्थागत तथा वातावरणीय सरसफाइ प्रवर्द्धन हुने छ ।

ग) सस्थागत, सार्वजनिक तथा घरायसी शौचालयलाई संरचनागत रुपमा स्थायी तथा प्रयोगकर्ता मैत्री बनाउने वातावरण तयार हुने छ ।

घ) स्थानीय स्रोत तथा साधनलाई योजनागत रुपमा नियमित परिचालन गरिने छ ।

ड.) पूर्ण सरसफाइको लागि कार्य योजना तयार गरी तोकिएको समयमानै घोषणा गरिने छ ।

**४. रणनीतिः**

क) देवघाट गाउँपालिकालाई वि.स २०७५ साल चैत्रसम्ममा पूर्ण सरसफाइ घोषणा गरी पूर्ण सरसफाइको बानी ब्यबहार परिवर्तन भएको प्रमाणीकरण गर्ने ।

ख) खुल्ला दिसामुक्त पछिको अवस्थाको विश्लेषण गरी गाविसको सरसफाइ तथा स्वच्छताका अवस्था पहिचान गर्ने गाउँपालिकामा रहेको स्रोत र साधनको पहिचान, परिचालन र परिवेश निर्माण गर्ने ।

ग) आरएमवाससिसि, वडा वाशसीसी, विद्यालय, स्वास्थ्य चौकी, गाउँपालिकाले पूर्ण सरसफाइको अभियान अगाडि वढाउने सवैलाई समेट्नेको मुख्य जिम्मेवारी लिने ।

घ) जिसस, गाउँपालिका तथा अन्य सरोकारवाला निकायहरुले बार्षिक कार्यक्रम तथा वजेट विनोजित गर्नेक्रममा पूर्ण सरसफाइ तथा आनीवानी परिवर्तनलाई प्राथमिकतामा राख्न पहल गर्ने ।

ङ) गाविसमा भएको सार्वजनिक, सस्थागत तथा विद्यालय शौचालयहरुलाई स्थायी र स्वच्छ बनाउन शौचालय संचालन तथा मर्मतका लागि बिशेष कार्यक्रमहरु संचालन गर्ने । साथै घरायसी शौचालयको अवस्था नियमित रुपमा सुधार गर्ने ।

च) जिल्ला र गाउँपालिकामा रहेका विभिन्न सरकारी तथा अर्ध सरकारी कार्यालयहरु, नागरिक समाज, संचार क्षेत्र तथा पत्रकार, समाजसेवी व्यक्तिहरु, राजनैतिक संगठनहरु, खानेपानी उपभोक्ता महासंघ, विद्यालय,नीजि क्षेत्र, सामुदायिक वन, महिला सञ्जाल, दलित सञ्जाल, जनजाति सञ्जाल, गैर सरकारी संस्थाहरु तथा विभिन्न निकायहरुसँगको सहकार्य, समनवय, जिम्मेवरी बांडफांड गरी पूर्ण सरसफाइ अभियान लाई अघि बढाउने ।

छ) गाँउ वस्ती, टोल, वडा, विद्यालयहरुले पूर्ण सरसफाइ अभियान सफल पार्न कार्य योजना सहित सकिय रुपमा संलग्न हुने र साथै आरएमवाससिसिको निर्णयलाई कार्यान्वयन गर्न जिम्मेवारी वहन गर्ने ।

ज) सस्थागत तथा संरचनागत रुपमा कार्य योजना निर्माण, वजेट ब्यवस्थापन, कार्यान्वयन, अनुगमन तथा समिक्षा प्राणली वनाउने ।

झ) पूर्ण सरसफाइको अभियानमा असहयोग गर्ने व्यक्ति, सस्था वा समूहलाई सहि दिशामा ल्याउन गाउँपालिकाले थप नियमहरु आवश्यकता अनुसार वनाउने र अनुमोदन गरि लागु गर्ने ।

ञ) प्रोत्साहन, सम्मान, पुरस्कारको माध्यमवाट पूर्ण सरसफाइको अभियानलाई तीव्रता दिइने छ भने दण्ड, सजाय, जरिवनाको नीतिको माध्यमबाट पूर्ण सरसफाइ अभियानमा आएको प्रतिकूल वातावरणलाई सुधार गर्ने ।

ट) समुदायको अगुवाईमा पूर्ण सरसफाइ, विस्तारित, समुदायको अगुवाईमा पूर्ण सरसफाइ तथा विद्यालयको अगुवाइमा पूर्ण सरसफाइ अबधारणाहरुलाई मुख्य आधार मानी पूर्ण सरसफाइ अभियान संचालन गर्ने ।

**५. कार्यनीतिः**

क) गाउँपालिकामा संचालन गरिने सरसफाइ तथा स्वच्छता सम्वन्धी कियाकलापहरु एकिकृत रुपमा संचालन गर्न सवै सरोकारावालाहरु वीच प्रत्येक महिनाका एकपटक वैठक वस्ने ।

ख) गाउँपालिकामा भएको स्रोत साधानको पहिचान गरि गाविसको योजना तयार तथा अद्यावधिक गर्ने ।

ग) गाउँपालिका तहको योजनालाई आधार मानी प्रत्येक वडा, विद्यालयहरुले संरचनागत रुपमा अघि वढने । उनीहरुको क्षमता विकासको लागि सचेतना तथा अभिमुखीकरण गर्ने । विषयबस्तु , कार्य योजना र अनुगमनको ढाँचाको वारेमा प्रष्ट पार्ने ।

घ) वडा तथा गाविस तहमा नियमित वैठक वस्ने । प्रत्येक वैठकमा कम्तीमा महिनाभरि भएको प्रगति, भोग्नु परेको समस्या, सम्भावित चुनौति, सामाधानको उपाय र आगिम महिनाको लक्ष्यहरु विवरण पेश गर्ने ।

ड.) जिल्लाले निर्धारित गरेको पूर्ण सरसफाइको सूचकहरुको विवरण राख्ने, अद्यावधिक गर्ने र आरएमवाससिसिले यसको अवस्थाको लेखाजोखा गरि आवश्यकतानुसार थप कदम चाल्ने ।

च) गाउँपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति (आरएमवाससिसि) को नाममा गाउँपालिकामा सरसफाइ कोष स्थापना गर्ने र कोष परिचालन गरि एकिकृत रुपमा कार्यक्रम संचालन गर्ने । यसको लागि प्रत्येक वर्ष कुन कुन संघ संस्थाले कति रकम विनियोजित गर्ने भन्ने कुरा आरएमवाससिसि र सरोकारावालाहरुको भेलावाट निर्णय गर्ने ।

छ) सरसफाइ तथा स्वच्छता र शौचालय सम्वन्धी सामाग्री सजिलैसँगै समयमै सस्तो र विकल्प सहित प्राप्त गर्न व्यवसायीहरुसंग सहकार्य गर्ने । गाउँपालिका हाताभित्रै प्यान, पाइप, सिमेन्ट, रड, हर्पिक, ब्रस, सावुन, टुथपेष्ट, काइयो, नेल कटर उपलब्धताको ब्यवस्था गर्ने त्यस्तैगरि सरसफाइ तथा स्वच्छता सम्बन्धी स्रोत व्यक्ति, चर्पी निर्माण, रिड. तथा प्यान वनाउने मिस्त्री तयार गर्ने ।

ज) स्वास्थ्य तथा शारीरिक अध्ययन गराउने शिक्षक, वडा सचिव, स्वास्थ्य चौकीका इन्चार्ज, गाविसमा कार्यरत बिकाससँग सम्वन्धित कर्मचारी,उत्प्रेरक, गैर सरकारी सस्थाको सामाजिक परिचालकहरु, महिला स्वास्थ्यकर्मी, क्लवका प्रतिनिधीहरु र यस्तै अन्य व्यक्तिहरुलाई स्रोत व्यक्ति तयार गर्ने ।

झ) वडावाससिसिले आ आफ्नो वडामा स्थानीय स्तरका उत्प्रेरकहरु तयार तथा परिचालन गर्ने ।

वडा वाशसीसीले वडाको सरसफाइको नेतृत्व, कार्य योजना कार्यान्वयन, मानवीय स्रोतको परिचालन, कार्य योजना अद्यावधिक गर्ने तथा अनुगमनका कामहरु गर्ने ।

ञ) आरएमवाससिसिसंग समन्वय गरी सम्वन्धी वडाका वडावाशसीसीले हरेक घरको सम्पूर्ण नामावली अभिलेख राखी सरसफाइ कार्ड वितरण गर्ने । पुर्ण सरसफाइ भएपछि पूर्ण सरसफाइको प्रमाणीकरण गर्न स्टीकर टाँस्ने । वडा र गाउँपालिकामा कुनैपनि किसिमको सेवा सुविधा र सिफारिस लिन आउँदा घरमा पूर्ण सरसफाइको सूचक पुरा भए नभए वा कति वटा पुरा भएको जानकारी लिने । तोकिएको समयसम्म पुरा भएको प्रमाण पेश नगर्ने घरधुरीहरुलाई वडा र गापा वाट दिईने सेवा सुविधा तथा सिफारिसको सन्दर्भमा समयमै बिस्तृत छलफल गर्ने ।

ट) स्वास्थ्य चौकिमा सरसफाइ डेस्क स्थापना गर्ने र सेवा लिन आउने विरामी तथा उसको साथमा आउने परिवारका सदस्यलाई पूर्ण सरसफाइ सम्वन्धि जानकारी दिने र साथै प्रत्येक विद्यालयहरुमा सरसफाइ नमूना टेबल राखी सचेतना अभिवृद्धि गर्ने ।

ठ) पूर्ण सरसफाइ घोषणाको लागि गाउँ, टोल , वडाहरु वीच प्रतिस्पर्दा गराउने र घोषणा गरेको आधारमा प्रोत्साहनका व्यवस्था गर्ने । त्यस्तैगरि गापा स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको निर्णयानुसार अन्य पुरस्कार तथा प्रोत्साहन दिनुपर्ने व्यक्ति, सस्था वा समूह पहिचान गरि पुरस्कृत गर्ने ।

ड) पूर्ण सरसफाइ घोषणाको प्रतिवद्धता तयार पारी घोषणाको दिन सम्पूर्ण समुदायहरुलाई प्रतिवद्धता व्यक्त गर्न लगाउने र सोही पूर्ण सरसफाइलाई स्थायीत्व दिने ।

## ६. स्रोत र साधनको व्यवस्थापन

क) मानवीय स्रोत साधान पहिचान र परिचालन

- गापा स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति
- वडामा वडा वाशसीसी
- सामुदायिक सिकाइ केन्द्रहरु
- उद्योग बाणिज्य संघहरु
- गापा स्तरीय सञ्जालहरु
- शिक्षक शिक्षिका, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा जुनियर रेडक्रस र बाल क्लव
- गापा भित्र रहेका सरकारी, गैर सरकारी सस्था, विकाससँग सम्वन्धी निकायहरुका प्रतिनिधि तथा कर्मचारीहरु
- पूर्ण सरसफाइ सम्बन्धी उत्प्रेरकहरु
- महिला स्वास्थ्य स्वयंसेविका
- सामाजिक परिचालकहरु
- सहकारी सस्थाहरु
- सामुदायिक वन
- खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु

- धार्मिक तथा सास्कृतिक समूह तथा ती समूहका प्रमुख तथा प्रतिनिधीहरु
- स्थानीय स्तरमा गठित समूहमा आवद्ध व्यक्तिहरु (आमा समूह, महिला समूह, यूवाक्लव, आदि)
- राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरु
- नेपाल रेडक्रस सोसाइटी, उप शाखा एवं त्यसका सदस्यहरु
- सुरक्षा निकाय,
- दातृ निकाय र त्यससंग आबद्ध ब्यक्ति तथा सस्थाहरु
- स्थानीय तहका दक्ष मानवीय स्रोतहरु जस्तैः सिकर्मी, डकर्मीहरु, सरसफाइ तथा स्वच्छता सम्वन्धी स्रोत व्यक्तिहरु
- स्थानीय व्यवसायी, व्यापारीहरु तथा निर्माण व्यवसायी ।
- नागरिक समाज
- आश्रमहरु
- विभिन्न धार्मिक संस्था तथा समितिहरु
- टोल विकास संस्थाहरु
- संचार गृह तथा पत्रकारहरु
- सार्वजनिक यातायात कर्मचारी तथा चालकहरु

**ख) आर्थिक स्रोत साधन पहिचान र परिचालन**

| **क्र.सं.** | **निकायहरु** | वार्षिक वजेट |
|---|---|---|
| १ | गाउँपालिकाको सरसफाइ कोष | |
| २ | गा.वि.स को वार्षिक सरसफाइ तथा स्वच्छता सम्वन्धी कार्यक्रम | |
| ४ | समपुरक कोषहरु | |
| ५ | वन उपभोक्ता समिति | |
| ६ | वडाहरुवाट संकलन | |
| ७ | जरिवाना संकलन | |
| ८ | सहयोग (दान,चन्दा, पुरस्कार आदि) | |
| ९ | जम्मा | |

**७. यस गापाको विद्यमानचुनौती तथा अवसरहरुः**

**क) चुनौतीहरु**

- भिवाससिसिको नियमित वैठक, कार्य योजनानुसार कियाकलाप संचालन, वार्षिक बजेटको वातावरण सृजना जस्ता गतिविधीमा निर्वाह गनुपर्ने भूमिका ।
- प्रत्येक घरधुरीमा भएको शौचालयको मर्मत सभांर तथा स्तरोन्नती, नयाँ निर्माण भएको घरधुरी तथा वसाइ सराइ घरधुरीमा शौचालयको सुनिश्चिता ।

- सस्थागत तथा सार्वजनिक स्थलहरुमा रहेका शौचालय र सरसफाइ तथा स्वच्छताको दीगोपना गर्दै अवस्थामा सुदृढीकरण ।
- सावुन पानीले हातधुने, घरायसी पानी शुद्धिकरणका विधी अपनाई पानी पिउने तथा व्यक्तिगत सरसफाइ कायम राख्ने सन्दर्भमा व्यक्तिगत तहमा चेतना अभिवृद्धि ।
- गाबिस तथा वडातहमा तयार भएको कार्य योजना तथा अनुगमन प्रणालीको कार्यान्वयन र प्रभावकारिता ।
- पूर्ण सरसफाइको अभियान प्रत्येक घरदैलो, विद्यालय र संघ सस्थाहरुको संलग्नता र परिवर्तनको लागि जिम्मेवारी लिने ।
- तोकिएको समयसीमा भित्रै वडा तथा गाविसलाई पूर्ण सरसफाइयुक्त क्षेत्र घोषणा ।

**ख) अवसरहरु**

- गाउँपालिकामा एक चरणको सरसफाइ अभियान सफल भै खुल्ला दिसामुक्त क्षेत्र घोषणा भएको र सरसफाइ तथा स्वच्छता अभियानले निरन्तरता पाएको ।
- गापा स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति र वडामा वडा नागरिक मञ्चले वडा सरसफाइ तथा स्वच्छता समन्यव समितिको रुपमा जिम्मेवारी वहन गर्न सक्ने अवस्था रहेको ।
- गा.पा. भित्र रहेको सम्पूर्ण निकायहरु खुल्ला दिसामुक्त अभियानमा सक्रिय रुपमा सहभागि भएकोले खुल्ला दिसामुक्तको दीगोपना र पूर्ण सरसफाइ तथा आनीवानी परिवर्तन सम्वन्धी जानकारी हासिल गरेको ।
- पूर्ण सरसफाइ तथा आनीवानी परिवर्तनको अभियानलाई संचालन गर्न सहयोगी निकाय र गाविसभित्र पनि मानवीय स्रोत तयार भै सकेको ।
- स्थानीय निकाय र स्थानीय समुदायको अगुवा र अपनत्व वहन गरेकोले अभियान लामो समयसम्म व्यक्तिगत तहसम्म पुग्ने ।
- गा.पा. भित्रका वासिन्दाहरुको सरसफाइ तथा स्वच्छताको सचेतनाको स्तर दिनप्रतिदिन वढदै गएको
- स्वयं राष्ट्रले पनि सरसफाइ तथा स्वच्छताको विषयवस्तुलाई आधारभूत सवालको रुपमा लिई मातहतको निकायलाई सक्रिय रुपमा जिम्मेवारी वहन गर्न निर्देशन दिएको ।
- गा.पा.मा विभिन्न किसिमका सामुदायिक संघ संस्थाहरु, आमा समुह, वाल क्लवहरु, महिला समुहहरु तथा जातीय संगठनहरु कार्यरत रहेकाले तिनीहरुलाई सरसफाईको क्षेत्रमा परिचालन गर्न सकिने ।

## ८. अनुगमन र मूल्यांकनः

गाउँपालिकामा पूर्ण सरसफाइको अभियान प्रभावकारी रुपले संचालन तथा सफल वनाउन जिल्ला तह, गापा तह, वडा तह र स्थानीय समुदायहरुको तहवाट अनुगमन गरिने छ । गाउं स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले आबश्यकतानुसार तहगत अनुगमन तथा मुल्यांकन समिति बनाउने छ । सो समितिले नियमित अनुगमन गर्ने छ । अनुगमन तथा मुल्याकंन गर्नका लागि विधिहरु निर्धारण गरि व्यक्तिगत, घरायसी तथा सस्थागत तहमा पूर्ण सरसफाइका सूचकहरु पूरा भए नभएको अनुगमन गर्ने छ । अनुगमनको लागि पूर्ण सरसफाइको सूचक तथा विस्तारीत सूचक सहित फारम तयार गरिने छ । अनुगमन तथा मुल्यांकन समितिले फाराम भरी प्रतिवेदन तयार गर्ने छ । सोही प्रतिवेदनलाई आधारमानी आगामी दिनमा गरिने क्रियाकलापहरु निर्धारण गरिने छ ।

## ९. पूर्ण सरसफाइ पश्चातको क्रियाकलापहरुः

खुल्ला दिसामुक्त घोषणा पश्चात घोषणालाई दीगो बनाउने र पूर्ण सरसफाइ तथा आनीवानी परिवर्तनको अभियानलाई तीव्रता दिइ पूर्ण सरसफाइयुक्त क्षेत्र बनाउनु हो । पूर्ण सरसफाइ तथा आनीवानी परिवर्तन क्षेत्र घोषणा पश्चात पनि सरसफाइ तथा स्वच्छताको अभियान सम्पन्न भएको हुदैन तसर्थ पूर्ण सरसफाइलाई दीगोपना र घोषणा गर्दा सूचकको रुपमा नभएको अन्य सरसफाइ तथा स्वच्छताको क्रियाकलापलाई समेट्दै वातावरण मैत्री सरसफाइ तथा स्वच्छता र अर्ध शहरमुखी बिशेषताका सरसफाइ तथा स्वच्छताको अभियानलाई निरन्तरता दिनुपर्छ । यसको लागि शौचालयको स्तरीकरण तथा प्रयोगकर्ता मैत्री, भान्साको फोहोरवाट आफैले मल वनाउने, प्लाष्टिकलाई छुट्टै जम्मा गरी बिक्री वा निर्धारित स्थलमा जम्मा गर्ने, बैकल्पीक उर्जाको प्रयोग, फोहोर मैला व्यवस्थापन, खानेपानीको मुहान संरक्षण, पानीको गुणस्तर परिक्षण, पोखरीहरुको संरक्षण, प्लाष्टिक झोला निषेध, स्यानिटरी ल्याण्डफिल्ड साइट, स्थानीय स्तरमै सरसफाइ सामाग्रीको व्यवस्थापन, ढलको व्यबस्था, नियमित बजेट र सस्थागत क्रियाकलाप आदि क्रियाकलापहरु अगाडि बढाइने छ ।

**देवघाट गाउँपालिका**

**देवघाट, तनहूँ**

## पूर्ण सरसफाइ सम्बन्धी बार्षिक कार्ययोजना २०७४

| क्र.सं. | क्रियाकलाप | मिति | | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | देखि | सम्म | मुख्य | सहायक |
| १ | गाउँ सभाको बैठक | २०७४ भाद्र | | गापा | वडा समिति |
| २ | वडावाससिसिको गठन र बैठक, खुल्ला दिसामुक्त घोषणा पछिको अवस्था माथि छलफल | २०७४ भाद्र | | गापा | वडा समिति |
| ३ | आरएमवाससिसिको गठन र प्रथम बैठक खुल्ला दिसामुक्त घोषणा पछिको अवस्था माथि छलफल | २०७४ असोज | | गापा | |
| ४ | आरएमवाससिसिको मासिक बैठक | मासिक | | आरएमवाससिसि | गापा |
| ५ | गापाको सवै घरधुरी पूर्ण सरसफाइ सम्वन्धी तथ्यांक संकलन (चर्पी, चाङ., फोहोर थुपार्ने खाडल, सावुन पानीले हातधुने ठाँउ आदि) | २०७४/९/११ | २०७४/१०/१० | आरएमवाससिसि | टोलवाशसीसी |
| ६ | सरसफाइ उत्प्रेरक छनौट र तालिम | २०७४/फागुन | | आरएमवाससिसि | वडावाशसीसी |
| ७ | सरसफाइ उत्प्रेरक परिचालन | नियमित | | आरएमवाससिसि | वडावाशसीसी |
| ८ | सरसफाइ उत्प्रेरक भ्रमण कार्यक्रम | २०७५ जेष्ठ | | आरएमवाससिसि | गापा |
| ९ | सामाजिक परिचालक परिचालन | नियमित | | आरएमवाससिसि | वडावाशसीसी |
| १० | खानेपानीका मूल सर्भेक्षण र संरक्षण | २०७४ चैत्र | २०७५ चैत्र | आरएमवाससिसि | वडावाशसीसी |
| ११ | गापा स्तरीय पूर्ण सरसफाइ सम्वन्धी कार्य योजना निर्माण तथा जिम्मेवारी वाडँफाँड तथा रणनैतिक योजना तर्जुमा गर्ने | २०७४/१२/७ | | आरएमवाससिसि | वडावाशसीसी |
| १२ | टोल विकास समितिलाई पूर्ण सरसफाइ सम्वन्धी अभिमुखीकरण र टोल सरसफाइ समिति गठन | २०७४ चैत्र | | आरएमवाससिसि | वडावाशसीसी |
| १३ | टोल सरसफाइ अभियान | मासिक | | टोलवाशसीसी | वडावाशसीसी |
| १४ | वडा समितिको बैठक , पूर्ण सरसफाइ सम्वन्धी अभिमुखीकरण र वडा वास सिसिको जिम्मेबारी सम्वन्धी निर्णय गर्ने | २०७४/चैत्र सम्म | | वडावाशसीसी | आरएमवाससिसि |
| १५ | टोल स्तरमा आचारसंहिता निर्माण | २०७५ जेष्ठ | | टोलवाशसीसी | वडावाशसीसी |
| १६ | वडा स्तरमा आचारसंहिता निर्माण | २०७५ जेष्ठ | | वडावाशसीसी | आरएमवाससिसि |
| १७ | गापा स्तरमा आचारसंहिता निर्माण | २०७५ जेष्ठ | | आरएमवाससिसि | वडावाशसीसी |
| १८ | वडा वाससिसि वडा समितिको नेतृत्वमा वडा कार्य योजना निर्माण | २०७४/चैत्र सम्म | | वडावाशसीसी | आरएमवाससिसि |

| | | | | |
|---|---|---|---|---|
| १९ | वडा तहका पूर्ण सरसफाइ तथा स्वच्छता सम्वन्धी छलफल तथा अन्तरक्रिया | २०७४/चैत्र सम्म | वडावाशसीसी | आरएमवाससिसि |
| २० | प्रत्येक दुई महिनाको एक पटक भिवाससिसिको बैठक | नियमित | आरएमवाससिसि | गापा |
| २१ | प्रत्येक एक महिनाको एक पटक वडा वाससिसि , वडा समितिको बैठक | मासिक | वडावाशसीसी | वडा समिति |
| २२ | राजनैतिक दल र आरएमवाससिसि वीच छलफल र कार्यक्रममा सहयोग गर्ने वातावरण वनाउने | २०७४ बैशाख जेष्ठ | आरएमवाससिसि | वडावाशसीसी |
| २३ | सरसफाइ सम्वन्धी विद्यालय र सार्वजनिक स्थानमा भित्ते लेखन, होरिङ्ग बोर्ड तयार गरी सार्वजिनक स्थानमा टाँस गर्ने | २०७५ बैशाख | आरएमवाससिसि | वडावाशसीसी |
| २४ | सरसफाइ मेला गर्ने | २०७४ चैत्र सम्म | आरएमवाससिसि | वडावाशसीसी |
| २५ | आमा समूह, वन समूह, क्लव, जातिगत तथा सास्कृंतिक सञ्जलहरुसँग छलफल तथा अन्तरक्रिया | २०७५ जेष्ठ | आरएमवाससिसि | वडावाशसीसी |
| २६ | बिभिन्न माध्यमवाट प्रचार प्रसार तीव्र गर्न कार्यक्रम निर्धारण गर्ने जस्तैः सार्वजनीक सुचना टांस प्रचार प्रसार/र्वोड, माइकिङ, विद्यालय स्तरिय ऱ्याली, स्थानीय एफ एम आदि | २०७५ बैशाख | आरएमवाससिसि | गापा |
| २७ | फोहोर व्यवस्थापनका लागि डम्पिङ्ग साईट निर्माण | २०७५ बैशाख | गापा | आरएमवाससिसि |
| २८ | फोहोर व्यवस्थापनका लागि गाडीको व्यवस्था | २०७५ बैशाख | गापा | आरएमवाससिसि |
| २९ | प्रत्येक विद्यालयमा सस्थागत वास समिति गठन गर्ने (शिक्षक, अभिभावक तथा विद्यार्थी रहेन गरि) तथा विद्यालय र विद्यार्थीको घरसम्मलाई ध्यानमा राखि कार्य योजना तयार गर्ने | २०७५ जेष्ठ | वडा वाशसीसी | आरएमवाससिसि |
| ३० | विद्यालय व्यवस्थापन समिति, अभिभावक शिक्षक संघ र शिक्षक शिक्षिकासँग अन्तरक्रिया अभिमुखिकरण तालिम | २०७४ चैत्र | वडावाशसीसी | सबै विद्यालय |
| ३ज्ञ | विद्यालयमा सरसफाइ सामग्री वितरण | २०७४ चैत्र | आरएमवाससिसि | |
| ३२ | अति विपन्न घरमा भाडा माझ्ने स्ल्याप निर्माणमा सहजीकरण | २०७५जेष्ठ | आरएमवाससिसि | |
| ३३ | राष्ट्रिय सरसफाइ सप्ताह मनाउने | २०७५ जेष्ठ २२    २०७५जेष्ठ २८ | आरएमवाससिसि | |
| ३४ | महिला, सामुदायिक स्वास्थ्य स्वयं सेविका तथा नागरिक समाजहरुसँग अन्तरक्रिया | नियमित | आरएमवाससिसि | |
| ३५ | प्रत्येक विद्यालय र टोलमा टोल स्तरीय र विद्यालय स्तरीय बाल क्लव गठन तथा परिचालन | २०७४ चैत्र | टोल विद्यालय | आरएमवाससिसि |

| | | | | | |
|---|---|---|---|---|---|
| ३६ | विद्यालय स्तरीय बाल क्लवसँग अन्तरक्रिया | २०७४ चैत्र | | विद्यालय | आरएमवाससिसि |
| ३७ | गापा स्तरिय अनुगमन समिति गठन तथा आचार संहिता निर्माण | २०७५ बैशाख | | गापा | आरएमवाससिसि |
| ३८ | वडा स्तरिय अनुगमन समिति गठन तथा आचार संहिता निर्माण | २०७५ बैशाख | | वडावाशसीसी | आरएमवाससिसि |
| ३९ | प्रत्येक घरमा सरसफाइ प्रमाणिकरण निलो स्टिकर टाँस गर्ने | २०७५ बैशाख | | वडावाशसीसी | उत्प्रेरक |
| ४० | गापा स्तरीय सम्पूर्ण कार्यालयहरुमा सरसफाई सम्वन्धी प्रचार सामग्री टांस्ने | २०७५जेष्ठ | | आरएमवाससिसि | कार्यालय |
| ४१ | राष्ट्रिय सरसफाइ सप्ताह मनाउने | २०७५ जेष्ठ २२ | २०७५ जेष्ठ २८ | आरएमवाससिसि | वडा, टोल |
| ४२ | वडावाशसीसी, आमा समुह,स्वास्थ्य सेवा प्रदायकहरु द्धारा घरदैलो कार्यक्रम (महिनाको १ पटक) | मासिक | | वडावाशसीसी | आरएमवाससिसि |
| ४३ | प्रत्येक महिनामा कम्ती एकपटक शिक्षक, विद्यार्थी र संचालक समितिद्वारा विद्यालय सेवा क्षेत्रमा घर दैलो कार्यक्रम | मासिक | | वडावाशसीसी | आरएमवाससिसि |
| ४४ | प्रत्येक महिना प्रत्येक वडाले पूर्ण सरसफाइको सूचक कुनकुन घरले पूरा गरे वा गरेन् तथ्याँक अद्यावधिक गर्ने | मासिक | | वडावाशसीसी | आरएमवाससिसि |
| ४५ | प्रत्येक महिनामा सकंलन गरेको तथ्याँक सार्वजनिक स्थल र गाविसमा टाँस्ने | मासिक | | वडावाशसीसी | आरएमवाससिसि |
| ४६ | वडा स्तरीयमा अनुगमन | मासिक | | वडावाशसीसी | आरएमवाससिसि |
| ४७ | प्रत्येक वडा र गाविसको पूर्ण घोषणा गर्ने मिति उल्लेख गर्ने | | | | |
| ४८ | पूर्ण सरसफाइ वडा घोषणा वडा नं. १ | २०७५ असार | | वडावाशसीसी | आरएमवाससिसि |
| ४९ | पूर्ण सरसफाइ वडा घोषणा वडा नं. २ | २०७५ माघ | | वडावाशसीसी | आरएमवाससिसि |
| ५० | पूर्ण सरसफाइ वडा घोषणा वडा नं. ३ | २०७५ जेष्ठ | | वडावाशसीसी | आरएमवाससिसि |
| ५१ | पूर्ण सरसफाइ वडा घोषणा वडा नं. ४ | २०७५ माघ | | वडावाशसीसी | आरएमवाससिसि |
| ५२ | पूर्ण सरसफाइ वडा घोषणा वडा नं. ५ | २०७५ फागुन | | वडावाशसीसी | आरएमवाससिसि |
| ५३ | पूर्ण सरसफाइ गापा घोषणा | २०७५ चैत्र | | आरएमवाससिसि | गापा |
| ५४ | सर्व प्रथम पूर्ण सरसफाइ क्षेत्र घोषणा गर्ने वडा तथा विद्यालयलाई सम्मान र कदर | २०७५ चैत्र | | आरएमवाससिसि | गापा |
| ५५ | पूर्ण सरससफाइ घोषणा पश्चातको वारेमा बैठक वस्ने | २०७५ चैत्र | | आरएमवाससिसि | गापा |

आज्ञाले

**रमेश सुवेदी**

**प्रमुख प्रशासकीय अधिकृत**